# आदर्श गाउँपालिका
(Aadarsha Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
(Office of The Rural Municipal Executive)

मौवानगरदह,, डोटी
सुदुरपश्चिम प्रदेश,, नेपाल

प.सं. २०७८/०७९
च.नं.

## सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/१०/०७**

यस आदर्श गाउँकार्यपालिकाको निर्णयानुसार गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखामा रिक्त पदमा आवश्यकता अनुसार तपसिल बमोजिमका पदमा सेवा करारमा कर्मचारी पदपूर्ती गर्नुपर्ने भएको हुँदा निम्न लिखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा माग बमोजिमका कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यसको दरखास्त फारम, पारिश्रमिक सेवाका सर्तहरु सहितको बिबरण कार्यालयमा उपलब्ध हुनेछ ।

तपसिल

| वि.नं. | पद | तह/श्रेणी | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ०१/ २०७८-०७९ | स्टाफ नर्स | पाँचौं तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट लोकसेवा आयोगले निर्धारण गरेको सम्बन्धित पदको योग्यता |
| ०२/२०७८-०७९ | अ.न.मि. | चौथो तह | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट लोकसेवा आयोगले निर्धारण गरेको सम्बन्धित पदको योग्यता |

१) दरखास्त दिने अवधी : २०७८/१०/०७ देखि २०७८/१०/१३ गते कार्यालय समयभित्र । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन अन्तिम दिन हुनेछ ।

२) दरखास्त दिने स्थान : आदर्श गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, मौवानगरदह डोटी ।

३) दस्तुर : स्टाफ नर्स र अ.न.मि.को लागि रु. ५००/(पाँच सय मात्र) । यस कार्यालयको राजश्व शाखामा दस्तुर बुझाएको रसिदको सक्कलै प्रति समावेश गर्नुपर्ने छ ।

४) छनौटको किसिम : लिखित र अन्तरवार्ता

५) काम गर्नुपर्ने स्थान : स्टाफ नर्सले यस कार्यालयमा रहेको अस्थायी कोभिड अस्पतालमा र अ.न.मि. तथा का.स.ले स्वास्थ्य शाखाले खटाएको स्थानमा ।

**६) योग्यता र अनुभव :**

क) नेपाली नागरिक ख) १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको
घ) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

**७) दरखास्त दिंदा संलग्न गर्नुपर्ने कागजातहरु :**

क) न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रहरु (लब्धाङ्क प्रमाण पत्र, चारित्रिक प्रमाण पत्र) को प्रमाणित प्रतिलिपि
ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
ग) ३ प्रति पासपोर्ट साइजको फोटो
घ) काउन्सिल दर्ताको प्रमाणपत्र अनिवार्य ।
ङ) लोकसेवा आयोगले निर्धारण गरेको फार्मेटमा आवेदन भरी पेश गर्नु पर्नेछ ।

८) सेवा सुविधा : गाउँपालिकाको निर्णयानुसार ।

९) म्याद नाघी आएका वा रीत पूर्वक नआएका आवेदन उपर कुनै कारवाही हुनेछैन ।

१०) आवेदनको ढाँचा र अन्य जानकारी कार्यालयमा उपलब्ध हुनेछ ।

११) आदर्श गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०७११०२४२२१७०७५

बुद्ध बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

Email:www.aadarshmun@gmail.com
Website:www.aadarshamun.gov.np